दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
५नं.प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागी प्रस्तावना आह्वान सम्बन्धि सुचना ।

**सुचना प्रकाशित मिति : २०७८।०६।०७**

दंगीशरण गाउँपालिकालाई लैङ्गिक हिँशा मुक्त तथा लैङ्गिकमैत्री गाउँपालिका निर्माण गर्ने उद्देश्यले "साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७" कार्यान्वयनमा ल्याईएको छ । यसै कार्यविधिको अधिनमा रहि आर्थिक वर्ष २०७८/०७९ भित्र सम्पन्न हुने गरी लैङ्गिक हिंशा न्युनिकरणको लागी कार्यक्रम संञ्चालन गर्नका लागी आवश्यक योग्यता पुगेका गैरसरकारी संस्थाहरुबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३०(तिस) दिनभित्र तपशिलको कागजजातसहित प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न आह्वान गरिएको छ ।

**तपशिल**

प्रस्तावना पत्रकासाथ संलग्न गर्नुपर्ने कागजजातहरु :

१.आधिकारीक निकायमा संस्था दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

२. स्थायि लेखानम्बर नपर्ने भए आन्तरिक राजश्व कार्यालयमा सम्बन्धित कागजजात पेश गरेको पत्रको प्रतिलिपी १ प्रति ।

३. लागत साझेदारीका लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सकिने प्रयाप्त आधार देखिने कागजजात ।

४. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति ।

५. सयुक्त रुपमा कार्यगर्ने संस्थाहरुको कार्यजिम्वेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।

६.संस्था कालोसुचिमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति ।

७. विभिन्न कार्यक्रम कार्यान्वयनको अनुभवपत्र ।

८. परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना दंगीशरण गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ को अनुसुचि ३ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलबन्दि गरिएको १/१ प्रति ।

परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा गाउँपालिकाको कार्यालय वा www.dangisharanmun.gov.np बाट प्राप्त वा डाउनलोड गर्न सकिन्छ ।

चन्द्रकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत